
स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री स्वस्तिमा खड्का, प्रियंका कार्की, नीति शाह, सृष्टि श्रेष्ठ, आना शर्मा, नम्रता श्रेष्ठ, मिस नेपाल प्रियंका रानी जोशी, मिस्टर नेपाल समर्पणजङ्ग कार्की, मोडल सविता कार्की, सोफिया भुजेल, आस्था पोखरेल लगायतका चर्चित सेलिब्रेटी एउटै र्‍याम्पमा प्रस्तुत भएका छन्। शुक्रबार साँझ आयोजित १४ औं संस्करणको जोय 'आइइसी डिजाइनर रनवे' नामक फेसन शोमा उनीहरु शो टपरको रुपमा विभिन्न आकर्षक पहिरनसहित र्‍याम्पमा प्रस्तुत भएका हुन्।

**आजको विचार...**



जनताको... (दुई पेजमा)

स्वयम्भुनाथ कार्की



आगामी अगस्टमा स्वस्तिमा खड्काको फिल्म करिअरले १० वर्ष पुरा गर्दैछ । अगस्ट २१, २०१५ मा उनको पहिलो फिल्म 'होस्टेल रिटन्स' प्रदर्शनमा आएको थियो । प्रदर्शन तयारीमा रहेको 'वसन्त' उनको चौथौं फिल्म हो । यसबीचमा, स्वस्तिमाले 'छक्कापञ्जा'का २ र ४ श्रृंखला, पशुपति प्रसाद २ : भस्मे डन, दिमाग खराब, चिसो मान्छे, दिमाग खराब, घामड शेरे, दुई रुपियाँ लगायतका चर्चित फिल्ममा अभिनय गरिन् । आगामी रिलिजको तयारीमा ब्यस्त स्वस्तिमाले यसैसाता अनलाइनबरसँग पहिलो दशक र आगामी समयको बारेमा चर्चा गरिन् ।

❒ वर्ष ३० ❒ अंक २४४ ❒ २०८१ चैत १७ गते आइतबार 30 March 2025, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# पत्रकार हत्या र सञ्चारगृहमाथिको आक्रमणविरुद्ध पत्रकार आन्दोलित

## दोषीलाई तत्काल कारवाही गर्न माग

**हाम्रा संवाददाता**

**पाल्पा,** चैत १६/पत्रकारको हत्या र सञ्चारगृहमाथिको आक्रमणविरुद्ध देशैभरका पत्रकारहरु आन्दोलित भएका छन् । समाचार संकलनकै क्रममा पत्रकारको हत्या भएको र केही सञ्चारगृहमा आक्रमण गरिएको विरोधमा पत्रकारहरू आन्दोलित बनेका हुन् ।

शुक्रबारको राजावादी आन्दोलनमा एभिन्युज टेलिभिजनमा कार्यरत पत्रकार सुरेश रजकको मृत्यु भएको घटनाका विरोधमा ७७ वटै जिल्लाका नेपाल पत्रकार महासंघको अगुवाईमा पत्रकारहरू सडक आन्दोलनमा उत्रिएका छन् । रजकले भिडियो खिचिरहेको घरमा राजावादी प्रदर्शनकारीले आगो लगाएकोमा त्यही क्रममा जलेर उनको ज्यान गएको थियो । पाल्पाका पत्रकार पनि समाचार सङ्कलन गर्ने क्रममा ज्यान गुमाएका पत्रकार रजक र सञ्चारगृहमाथिको भएको आक्रमणविरुद्ध सडकमा उत्रिएका छन् । नेपाल पत्रकार महासंघ पाल्पा शाखाको आयोजनामा पत्रकार रजकको मृत्युको सत्यतथ्य पत्ता लगाएर दोषीमाथि कडा कारवाहीको माग गर्दै शनिबार दिउँसो तानसेनस्थित आन्दोलनचोकमा उनीहरुले विरोधसभा गरे । सभामा महासंघका जिल्ला अध्यक्ष कमलराज



तिमिल्सेनाले घटनाका दोषीलाई तत्काल पक्राउ गरी कडा कारबाही गर्न सरकारसँग माग गरे । उनले प्रेस स्वतन्त्रता कुण्ठित गर्ने कुनै पनि गतिविधि स्वीकार्य नहुने बताए । अध्यक्ष तिमिल्सेनाले मुलुक परिवर्तमान पत्रकारहरुले खेलेको भूमिका महत्वपूर्ण रहेको उल्लेख गर्दै पत्रकारको सुरक्षाका लागि ठोस् कदम चाल्न पनि सरकारलाई आग्रह गरे । उनले पत्रकार महासंघ केन्द्रले चरणवद्ध आन्दोलनका कार्यक्रम तय गरेकाले सोही अनुसार जिल्लाका पत्रकारहरु सहभागी हुने बताए ।

अध्यक्ष तिमिल्सेनाले पत्रकारहरुलाई निर्धक्का साथ समाचार संकलनमा लाग्न आग्रह गर्दै कही कतै समस्या आए पत्रकार महासंघ श्रमजिवी पत्रकारहरुको पक्षमा खडा हुने समेत बताए । महासंघका निवर्तमान अध्यक्ष रेखीराम रानाले देशैभर पत्रकार महासंघको स्थापना दिवस खुसीयालीका साथ मनाउनुपर्नेमा शुक्रबार भएको राजावादीहरुको अराजक आन्दोलनबाट पत्रकार साथीको दुखद् निधन भएकोमा शोक मनाउन बाध्य भएको बताए । उनले शान्तिपूर्ण प्रदर्शनको हवला दिँदै आन्दोलनकारीहरुले अराजक गतिविधि गर्दै हिंसात्मक अवस्था सिर्जना गरी श्रमजीवी पत्रकारको ज्यान जाने अवस्था उत्पन्न गराउने तथा सञ्चार गृह, राजनीतिक दलको कार्यालय, नागरिकका घर, व्यावसायिक भवन, सवारी साधनलगायतमा भएको तोडफोड, आगजनी तथा लुटपाट गर्नु दुखद् भएको भन्दै घटनामा सम्लग्नहरुलाई तत्काल पक्राउ गरी कानुनी कारवाहीको दायरामा ल्याउन सरकारलाई आग्रह गरे ।

-बाँकी अन्तिम पेजमा...

## सक्षिप्त समाचार

### झडपमा आठ जनाको मृत्यु

(रासस/एएफपी)

**पेशावर,** चैत १६/अफगानिस्तानसँग सीमा जोडिएको पाकिस्तानको पश्चिमी क्षेत्रमा शुक्रबार भएका छुट्टाछुट्टै आक्रमणमा परी कम्तीमा आठ सैनिक र एक सर्वसाधारणको मृत्यु भएको प्रहरीले एएफपीलाई जानकारी दिएको छ । उत्तरपश्चिम खैबर पख्तुनख्वा प्रान्तमा 'सशस्त्र तालिवान' विरुद्धको सुरक्षा कारबाहीका क्रममा सशस्त्र लडाकू समूहको आक्रमणमा परी सात सैनिकको मृत्यु भएको प्रहरी स्रोतले शनिबार जनाएको छ । 'एउटा घरमा लुकेर बसेका लडाकुले सुरक्षाकर्मीमाथि गोली चलाएका थिए,' स्रोतले भन्यो । घन्टौँसम्म चलेको भिडन्तमा सेनाले लडाकू हेलिकप्टर तैनाथ गरेको थियो जसमा आठ जना तालिवान लडाकू मारिएका थिए भने अन्य छ जना सैनिक घाइते भएका थिए । प्रहरी अधिकारी मोहसिन अलीले एएफपीलाई बताएअनुसार पृथकतावादीहरूले मोटरसाइकलमा राखेको बम विस्फोटमा परी बलुचिस्तानको दक्षिणमा एक सैनिक र एक सर्वसाधारणको मृत्यु भएको छ । गत महिना आतङ्ककारीहरूले सयौं रेल यात्रीहरूलाई बन्धक बनाएका थिए र सेवामा रहेका दर्जनौं सैनिकहरूको हत्या गरेका थिए । चिनियाँ पूर्वाधार रहेको संवेदनशील क्षेत्र ग्वादर जिल्लामा सेनाको गाडी गुडिरहेको बेला भएको विस्फोटमा तीन सैनिक र एक सर्वसाधारण घाइते भएका छन् । खैबर पख्तुनख्वा र बलुचिस्तानमा सरकारविरुद्ध लडिरहेका सशस्त्र समूहले यस वर्षको सुरुदेखि गरेको आक्रमणमा परी अहिलेसम्म १९० भन्दा बढीको मृत्यु भइसकेको छ ।

**ब्यक्तिगत स्वास्थ्यमा ध्यान दिऔं ।**

- नियमित स्वास्थ्य परीक्षण गराऔं,
- सन्तुलित, पोषणयुक्त आहार सेवन गरौं,
- नियमित शारीरिक परिश्रम गरौं,
- दैनिक रुपमा निद्रा पुग्नेगरी सुतौं,
- ध्यान, योग, व्यायामजस्ता गतिविधिमा संलग्न होऔं,
- व्यक्तिगत सरसफाईमा ध्यान दिऔं ।

नेपाल सरकार

विज्ञापन बोर्ड

# नागरिकको अवस्था सुधार् गर्ने दिशामा केन्द्रीत हुन जरुरी छ : काँग्रेस नेता राना

**पाल्पा,** चैत १६/नेपाली काँग्रेस पाल्पाका निवर्तमान सभापति तथा प्रभावशाली नेता वीरबहादुर रानाले आम नागरिकको अवस्था सुधार गर्ने दिशामा राजनीतिक दलहरु लाग्न जरुरी रहेको बताएका छन् । शनिबार नेपाली काँग्रेस माथागढी गाउँपालिकाको दोस्रो गाउँ सम्मेलनलाई झडेवामा सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् ।




नेता रानाले मुलुकमा व्यवस्था परिवर्तन भए पनि नागरिकको अवस्थामा सुधार हुन नसकेकाले दलहरुप्रति वितृष्ण पैदा भएको भन्दै अब नागरिकको अवस्था सुधार गर्नेतर्फ ध्यान दिन जरुरी रहेको उल्लेख गरे । उनले भने 'जसरी हिजो व्यवस्था परिवर्तन गर्न लड्यौं त्यसरी आज जनताको अवस्था परिवर्तन गर्न हामी लाग्नुपर्ने बेला आएको छ । त्यसका लागि काँग्रेसलाई बलियो बनाउन जरुरी छ ।' नेता रानाले सम्मेलबाट नयाँ उत्साह बोकेर जान समेत नेता कार्यकर्ताहरुलाई आग्रह गरे । लुम्बिनी प्रदेशका सांसद तथा पूर्व मन्त्री समेत रहेका रानाले आर्थिक संमृद्धि अहिलेको आवश्यकता रहेकाले त्यसतर्फ प्रदेश सरकारले काम गरेको समेत बताए । कार्यक्रममा नेपाली काँग्रेस लुम्बिनी प्रदेशका सदस्यहरु सन्दीप राना, कृष्ण अधिकारी, काँग्रेस जिल्ला उपसभापतिहरु झपेन्द्र गहिरे, ज्ञानबहादुर गाहा, सचिव सन्तोष कुमार थापा मगर, काँग्रेस पाल्पाका सल्लाहकार केशव चालिसे, काँग्रेस पाल्पा क्षेत्र नं. १ का क्षेत्रिय सभापति झमनबहादुर राज मगर, क्षेत्रिय सचिव मधु पराजुली, काँग्रेस जिल्ला सदस्यहरु तारा रसाईली, बालकृष्ण जिसी, माथागढी -७ का वडा सभापति शिव घिमिरे, पूर्व जिल्ला सदस्य रनबहादुर खाम्चा, नेपाल तरुण दल माथागढीका सभापति राजन बलाल, वडा अध्यक्ष डिल बहादुर ढेंगा लगायतले नेपाली काँग्रेसलाई बलियो बनाएर लैजान वडातहबाटै सबै लाग्न जरुरी रहेको बताए । उनीहरुले जनताको जीवनस्तर उकास्ने काम काँग्रेसबाट मात्रै सम्भव रहेको उल्लेख गरे । कार्यक्रममा पालिका जिल्ला सचिव सावित्री पन्थीले सांगठनिक प्रतिवेदन प्रस्तुत गरेकी थिईन् काँग्रेस पालिका अध्यक्ष दीपक थापाको अध्यक्षता, जिल्ला सदस्य झपेन्द्र जिसीको स्वागत, सचिव सुरेन्द्र ढेंगाको सञ्चालनमा कार्यक्रम भएको थियो ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## प्रेस माथिको आक्रमण निन्दनीय छ

राजावादीको हिंसात्मक प्रदर्शनका क्रममा रिपोर्टिङ गरिरहेका पत्रकारको मृत्यु र सञ्चारसंस्थामाथि भएको आक्रमणको घटना निन्दनीय छ । यो आक्रमण नेपाली प्रेस स्वतन्त्रतामाथिको आक्रमण हो ।

शुक्रबार राजधानीमा 'राजावादी आन्दोलन'का नाममा निस्किएको अराजक, उच्छृंखल र असंयमित जत्थाले अन्नपूर्ण मिडिया नेटवर्क र कान्तिपुर टेलिभिजनका मुख्यालयमा तोडफोड एवं आगजनी साथै प्रदर्शनको रिपोर्टीङ गरिरहेका एभीन्युज टीभीका क्यामेरा पर्सन सुरेश रजकको निधन हुनु दुखद् हो । निरंकुशताको पहिलो निसानी प्रेस हो भन्ने यो 'आन्दोलन'ले अँगालेको शैलीले देखाएको छ । मुलुकमा गणतन्त्र ल्याउन २०६२/०६३ को आन्दोलनमा मिडियाले खेलेको भूमिका महत्वपूर्ण छ ।

नेपाली नागरिक हैसियतमा रहेका हरेक व्यक्तिलाई राजनीतिक अभ्यास गर्न, शासनमा पहुँच बनाउन र जनमत आर्जन गर्न लोकतन्त्र र यसअन्तर्गतको सविधान बाधक छैनन् । त्यसका खातिर गरिने प्रदर्शन र आन्दोलन भने शान्तिपूर्ण एवं अरूको सुरक्षामा खलल नपुग्ने किसिमका हुनुपर्छ । लोकतान्त्रिक पद्धति र कानुनी दायराभन्दा बाहिर जान लोकतन्त्रमा कसैलाई छुट छैन । नेपाली मिडिया जगत लोकतन्त्रको संरक्षण र संवर्द्धन गर्न र राजनीतिक थिति बसाल्ने मार्गदर्शक बन्न सदा अग्रसर रहँदै आएको छ । लोकतन्त्रको विकल्प केवल उन्नत लोकतन्त्र हो । प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, मानव अधिकार एवं नागरिक सम्प्रभुत्ता केवल लोकतन्त्रमा सम्भव छ । त्यसमा हुने अवरोध खेदजन्य छ । अराजक, बर्बर र असहिष्णु आन्दोलन सिर्जना गरेर पत्रकारको हत्या र सञ्चार गृहमाथि गरिएको आक्रमण नेपाली मिडिया जगतका लागि ठिक हुन सक्दैन । जनतालाई सुसूचित गराउने र विचार निर्माणमा सघाउने प्रेसजस्तो भरपर्दो सञ्चारसंस्थाहरू र सञ्चारकर्मीको ज्यानै जाने गरी यस प्रकारको हमला हुनु घोर आपत्तिजनक, निन्दनीय र भर्त्सनायोग्य कार्य हो । तसर्थ यस्ता अराजक गतिविधिहरु नियन्त्रण गर्न र मृत रजकको घटनाको छानबिन गरी संलग्नलाई कानुनी कारबाही गर्नुको साथै मिडियामा भएको क्षति र मृतक पत्रकारको परिवारलाई क्षतिपूर्ति दिने विषयमा सरकारले ध्यान दिन जरुरी छ ।

## Opinion @ Social Network

सम्बन्ध भनेको पैसा जस्तै हुनुपर्छ
जति पुरानो भएपनि कहिल्यै मुल्य नघट्ने खालको ।
*(एलिषा गाहाको फेसबुक स्टाटस https://www.facebook.com/Alisha.Ale)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# जनताको कमाइ राज्यको कमाइको आधार



स्वयम्भुनाथ कार्की

*सहकारी धेरै अविश्वनीय भएका छन् र समस्याग्रस्त सहकारीको सूचीमा वृद्धि हुँदै गएको छ । यी सबै समस्या राज्यका प्रयत्न अझ भनौं अथक प्रयत्नले पनि घटेका छैनन् बरु बढेका छन् । यी सबैले संकेत गर्ने कुरा के हो भने ती प्रयत्नहरू सही छैनन्, असरदार छैनन् । उदाहरण नेपालको उल्लेख गरेपनि यो समस्या नेपालमा मात्र देखिएको भने होइन । तेस्रो विश्वका मुलुकहरूको साझा समस्या हो । मात्रामा केही थपघट भए पनि ज्यादाजसो मिश्रित अर्थव्यवस्था अपनाएका मुलुकमा यो देखिन्छ ।*

राज्य सञ्चालनको क्रममा वा राज्य सञ्चालन गर्ने एक भिन्न वर्ग हुने गर्दछ । यो भिन्न वर्ग राजनीतिकर्मी वर्ग हो । सैद्धान्तिक रूपमा यस भनाइमा प्रसस्त विमति राख्ने गरिन्छ विषेश गरेर निर्वाचितहरूले सत्ता सञ्चालन गर्ने परिपाटीमा । सैद्धान्तिक रूपमा प्रत्येक नागरिक सत्ताको कुनै पनि निर्वाचित पदमा पुग्न सक्छ र पुग्ने अधिकार राख्छ । त्यसैले लोकतान्त्रिक भन्ने गरिएको प्रजातान्त्रिक शासन व्यवस्थामा राज्य सञ्चालन गर्ने भिन्न वर्ग हुँदैन । यो सैद्धान्तिक अवधारणा हो व्यावहारिक होइन अपवादमा बाहेक एक विशेष वर्गका सदस्यबाहेक अरू त्यस्ता व्यक्ति भेटिँदैनन् जो सर्वसाधारणबाट राज्यका निर्वाचित पदमा पुगेको होस् । अपवादमा पुग्नेहरू पनि स्वप्रयत्नले भन्दा यस्ता राजनीतिकर्मी वर्गका प्रभावशालीहरूका इच्छाले पुगेका हुन्छन् । सर्वसाधारणमा स्थापित राजनीतिकर्मीप्रतिको मोहभंगको अवस्थाले पनि नयाँ पात्रको प्रदुर्भाव हुने गर्दछ । कुनै-कुनै बेला समाजमा स्वतन्त्र उम्मेदवारलाई मत दिने लहर देखिन्छ । यसरी स्वतन्त्र र राजनीतिकर्मीको वर्ग बाहिरका व्यक्तिको पद बहालीपछि राजनीतिकर्मीमै रूपान्तरण भएको नै देखिन्छ । हरेक व्यक्ति, संरचना, उद्यम, उपक्रम आदि सबैको निमित्त अत्यावश्यक खर्च चाहिने हुन्छ । यो कुरामा राज्य र त्यसलाई सञ्चालन गर्ने सरकार अपवाद हुने कुरा नै भएन । यी सबैको व्यय उत्पादनशील नागरिकहरूको उत्पादनले भएको कमाइबाट नै व्यहोरिने हुन्छ । गृहस्थी परिवारले प्रत्यक्ष तथा परोक्षरूपमा सबैको नै आर्थिक भार बोकेको हुन्छ ।

कृषि प्रमुख उत्पादनको अवस्थामा एक गृहस्थी भन्नाले कृषक परिवार भन्ने बुझिथ्यो । कृषिबाहेकका अन्य पेशाहरूको प्रधानता भएको अवस्थामा गृहस्थी वा गृहस्थ भन्नाले जो उत्पादन गर्दछ त्यो जनाउँछ । गृहस्थ भन्नाले सही अर्थमा जनताको एकाइ हो जो गृह अर्थात् घरमा स्थित हुन्छ । घर अर्थात् परिवारसमेतको समुच्चय भएको अवधारणा । भौतिक रूपमा ऊ घरमै रहनेभन्दा पनि ऊ घरपरिवारसँग जोडिएको हुन्छ वा हुने चाहना वा लक्ष राख्छ । यस्तै गृहस्थले नै आफ्नो निमित्त गरेको कमाइबाट सबैको व्यय व्यहोरिएको हुन्छ । साधुसन्यासी, चोर फटाहा, राज्य आदि मात्र होइन चरा, मुसा आदि जस्ता जीवजन्तुहरूको पनि पालन परोक्षरूपमा कृषक गृहस्थले गरेको हुन्छ । गृहस्थ्यहरू आर्थिक वर्गीकरणमा मध्यमवर्गमा पर्दछन् । उनीहरू सर्वहारा होइनन् त्यस्तै पुँजीपति पनि होइनन् । सर्वहारा हुन् वा पुँजीपति उनीहरूको आधार यही मध्यमवर्ग हुन् । राज्यको आर्थिक आधार कर राजश्वका मूल स्रोत यही वर्ग हो । पुँजीपतिहरूको उत्पादनको प्रमुख बजार यही वर्ग हो । उत्पादन प्रणालीमा प्रत्यक्ष परोक्ष काम गरेर राष्ट्रिय उत्पादन बढाउने पनि यही वर्ग अर्थात् जनता हो । ठूला करदाता भनेर राजश्वमा योगदान गरेको सम्मान पाउने उद्योगी व्यापारीहरूले तिरेको करका वास्तविक दाता यिनै जनता हुन् । ती करदाताले त केवल अप्रत्यक्ष करको रूपमा जनताबाट कर संकलनमात्र गरेका हुन् । तीनै तहका सरकार अनि सरकारी संयन्त्रका खर्च यही जनताबाट संकलित राजस्वबाट व्यहोरिन्छ । कुनै पनि शहर बजारका उज्याला सडकबत्तीहरू त्यो शहर उपभोग गर्ने उपभोक्ताको कमाइबाट बल्छन् । सत्ता सञ्चालकहरूको सेवा सुविधा राजस्वमा एक गिलास चियाको मोलमा पनि तिरेको करबाट संकलित कोषले व्यहोरेको हुन्छ । सामाजिक, धार्मिक, खेलकुद मनोरञ्जन आदि जस्ता जति पनि क्रियाकलाप हुन्छन् ती सबैको निमित्त जनताको कमाइ नै प्रयोग हुन्छ । यस्ता गतिविधि जनताको सपन्नतासँगै बढ्दै जान्छ । यी सबै कुराले आर्थिक क्रियाकलाप बढ्ने गर्दछ । यो बढ्ेको आर्थिक क्रियाकलापले रोजगारीका अवसर थप गर्दछ । यसले कमाइमा वृद्धि हुन्छ, यो वृद्धिले जनताको क्रयशक्ति बढ्छ । यो बढेको क्रयशक्तिले बढाएको मागले आपूर्तिको निमित्त थप क्षेत्रको ढोका खोल्छ । उद्योग तथा व्यापारका परिधि फराकिला हुन्छन् । त्यसले थप कामदार, कर्मचारी खोज्छ । श्रमका अवसर, रोजगारीका अवसर पैदा हुन्छन् । कुनै स्थानको प्रगति हुन्छ । त्यसले गाउँ शहर, अनि देशको प्रगति हुन्छ । जनताले आफूलाई त्यो प्रगतिसँग जोड्छ । त्यसलाई अपनत्व दिन्छ । अनि त्यो प्रगति विकासमा रूपान्तरण हुन्छ । जनताले आफूलाई जोड्न नसकेको, अपनत्व दिन नसकेको प्रगति जति ठूलो भए पनि त्यो विकास होइन । जनताले अपनत्व दिएको सानोभन्दा सानो कुराको परिवर्तन ठूलो विकास हो । कमाइको सिधा सम्बन्ध समृद्धिसँग हुन्छ अनि समृद्धि सुखको बाटो हुन्छ । सुख हुँदैमा खुशी पनि हुन्छ भन्ने हुँदैन तैपनि केही मात्रामा सुखले खुशी दिन्छ नै । जनताको कमाइले समाजका, मुलुकका हरेक अवयवको खर्च धानेको हुन्छ । जनताको कमाइमा बढाउने कुरामा आफूले सकेको योगदान दिएमा त्यसले आफैंलाई लाभ हुन्छ । जनताको कमाइ घटेको अवस्था अन्य सबैको पनि कमाइद घट्ने हुन्छ । स्वभावत: राजनीतिकर्मी वर्गले भने यो कुरा मनन गर्ने गरेका हुँदैनन् । राजनीतिकर्मीलाई सामान्यतया जनताको सेवक, जनताको हितचिन्तक मान्ने गरिन्छ । तर, राजनीतिलाई सबै नीतिको आधार मान्ने सोचले यो वर्ग आफूलाई सर्वशक्तिमान ठान्न पुग्छ । त्यसपछि राजनीतिले हरेक कुरामा हस्तक्षेप आफ्नो अधिकार भएको ठान्न थाल्छ । अझ बढेर कर्तत्व नै हो भनेजस्ते गरेर हस्तक्षेप बढाउन थालेपछि जनताको कमाइ प्रभावित हुनथाल्छ । राजनीतिकर्मी वर्गको हस्तक्षेपले आर्थिक अवस्थामा प्रतिकूल प्रभाव परेपछि सबैको रुचि राजनीतिक क्रियाकलापमा बढ्छ । राजनीतिकर्मी वर्गमा रूपान्तरित भएपछि पात्रमा थपिएको सम्पन्नताले मान्छेलाई स्वभाविक आकर्षण हुनु सामान्य हो । त्यसपछि राजनीतिमा प्रवेश गर्नेहरूको लर्को लाग्छ । उत्पादन गर्ने काममा आकर्षण नै हुँदैन, अनि विस्तारै आर्थिक संकट बढ्न थाल्छ । सद्य: राजनीतिकर्मीमा रूपान्तरण भएकाहरूलाई जनसमर्थन जुटाउनुपर्ने हुन्छ । त्यसका निमित्त विभिन्न सुविधाको आश्वासन, अवस्था बदल्ने नारा आदि पस्केर आफू निकट बनाउने थालेपछि उत्पादन थप प्रभावित हुन्छ । जनताको कमाइ घट्छ तर राज्यको, राजनीतिकर्मीहरूको खर्च बढ्छ । यो पूरा गर्न जनतामाथि थप दर वा दायराको नाममा भार थप्ने बाटो आर्थिक नीति निर्मातलाई सहज लाग्न थाल्छ । यस अवस्थाले जनताको कमाइ घटाउन थाल्छ । कमाइ घटेपछि क्रयशक्ति स्वचालित रूपमा घट्न जाने गर्छ । यस अवस्थाले उद्योग व्यवसायका दायरा संकुचित हुँदै जान्छन्, रोजगारीका अवसर घट्छन् । यसले आर्थिक क्रियाकलाप घट्छन् । त्यसले झन् जनताको कमाइ घट्न जाने गर्छ । यसले समाजमा शान्तिसुरक्षाको अवस्थामा चुनौती थपिन्छ । समाजमा विकृति थपिन्छन् । त्यसको निराकणको प्रयत्नमा राज्यको खर्च थपिन्छ । राज्यको खर्च पूरा गर्न अपनाइने हरेक उपायहरूले फेरि थपमा जनताको कमाइमा नकारात्मक प्रभाव पर्छ । यसलाई निराकरण गर्न थप आर्थिक नीतिनियम लागू गरिन्छ । यसले राज्यले आर्थिक अपराधमा पर्ने क्रियाकलापको सूची थप गर्नुपर्ने हुन्छ । उदाहरणको निमित्त आलु प्याजमा मूल्य अधिवृद्धि करको दायरा थपलाई लिन सकिन्छ । यसले हाट बजारमा एक पाउ, आधा किलोग्राम जस्ता मात्राका क्रेता तथा बिक्रेतालाई मूल्यअभिवृद्धि कर लागेका वस्तुको कारोबार प्रक्रिया अवलम्बन गर्नुपर्ने हुन्छ । हिजोसम्म गरिने गरेको खरिदबिक्रीको अभ्यास कानुनत अवैध हुन पुग्छ । जुन संख्यामा यस्ता बिक्रेता र खरिदकर्ता छन् उनीहरूलाई निगरानी गर्न जनशक्ति थप्नुपर्ने आवश्यकता हुन्छ । यो थपिएको वा थप्न आवश्यक भएको जनशक्तिका निमित्त हुने खर्चको दाँजोमा त्यसबाट उठ्ने मूल्यअभिवृद्धि कर कति हुन्छ, सोचनीय छ । वित्तीय क्षेत्रमा कठोर नियमावलीले आर्थिक कृयाकलापमा सकारात्मक असर पर्ने मानिन्छ । त्यसअनुसार लगातार नियन्त्रणका कार्य बढाइन्छन् तर यसले झन् वित्तीय विकृति फैलाउने कार्य गरेको हुन्छ । यो सैद्धान्तिक र व्यावहारिक फरकको उदाहरण हो । उदाहरणका निमित्त नेपालमा लागतार बैंक, लघुवित्तहरू विवादमा आइरहेका छन् । व्यक्तिगत लगानीकर्ताका अर्थात् मिटरब्याजीका ऋणीहरू पनि आन्दोलित छन् ।

सहकारी धेरै अविश्वनीय भएका छन् र समस्याग्रस्त सहकारीको सूचीमा वृद्धि हुँदै गएको छ । यी सबै समस्या राज्यका प्रयत्न अझ भनौं अथक प्रयत्नले पनि घटेका छैनन् बरु बढेका छन् । यी सबैले संकेत गर्ने कुरा के हो भने ती प्रयत्नहरू सही छैनन्, असरदार छैनन् । उदाहरण नेपालको उल्लेख गरेपनि यो समस्या नेपालमा मात्र देखिएको भने होइन । तेस्रो विश्वका मुलुकहरूको साझा समस्या हो । मात्रामा केही थपघट भए पनि ज्यादाजसो मिश्रित अर्थव्यवस्था अपनाएका मुलुकमा यो देखिन्छ । जनताको कमाइ राज्यको कमाइको आधार हो भन्ने कुरा नीतिनिर्माण तहमा नसोचिनु यसको कारक हो । नारामा, भाषणमा यो कुरा प्रसस्त उल्लेख गरे पनि नीतिमा यसलाई प्रतिबिम्बित गर्ने कुरा नपर्नुले अवस्था जटिल हुँदै गएको छ । दौँतेरी पुँजीवाद अर्थात् क्रोनी क्यपिटलिज्मका कारणले कसैलाई काखा कसैलाई पाखा बनाउने काम गर्न यस्ता मुलुकहरूमा सकारात्मक विभेदको प्रावधान प्रयोग गरिने गर्दछ । अनुदान, मिनाहा आदिका औजारका गलत प्रयोगले धेरैजसो 'चोरलाई चौतारी साधुलाई शूली' उखान चरितार्थ गरेको जस्तो देखिन्छ । यसले उत्पादनशील कर्मशील जमातलाई आफू मुर्ख बनेको अनुभूति हुन्छ । ऊ कर्मशीलताबाट विमुख हुन थाल्छ । यो अनुभूतिले थपमा जनताको कमाइ घट्ने वातावरण तयार हुन्छ । जनताको कमाइ नै सबैको कमाइ हो भनेर त्यस कमाइको सहायक हुने नीति कार्यक्रम हुनु नै समृद्धितर्फको यात्रा हो । त्यसविपरीत कंगालीतर्फको यात्रा हो । राजनीतिले जति अन्य क्षेत्रमा हस्तक्षेप गर्दैन त्यति आर्थिक समृद्धितर्फको यात्रामा गति बढ्छ ।

***-इहिमालय टाइम्स डटकम***

**महत्वपूर्ण टेलिफोन**

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

**दैनिक राशिफल**

- **मेष** : खानपानमा सजग रहनुहोस्। व्यापारिक लेनदेन लाभदायी रहनेछ।
- **वृष** : सम्बन्धमा चलिरहेको गतिविरोध समाप्त हुनेछ। व्यवसायमा लाभ हुनेछ।
- **मिथुन** : व्यापारिक योजनामा पिताको सहयोग मिल्नेछ। स्वास्थ्यको ध्यान राख्नुहोला।
- **कर्कट** : धर्मकर्ममा मन जानेछ। व्यापारिक यात्रा लाभदायी रहनेछ।
- **सिंह** :कार्यक्षेत्रमा नयाँ लेनदेनबाट बच्नुहोला। लापरवाहीले गर्दा नोक्सान हुन सक्छ।
- **कन्या** : साझेदारी व्यापारबाट लाभ मिल्नेछ। आफ्नो अधिकार स्थापित गर्न सक्नुहुनेछ।
- **तुला** : योजनालाई आकार दिन सक्नुहुनेछ। कार्यक्षेत्रमा नयाँ सम्पर्कहरूबाट लाभ मिल्नेछ।
- **वृश्चिक** : मन प्रसन्न रहनेछ। युवा वर्गहरूलाई करियरलाई लिएर चिन्ता रहनेछ।
- **धनु** : कुरालाई लिएर वादविवाद बढ्नेछ। यात्राको रूपरेखा बन्नेछ।
- **मकर** : अगाडि बढ्नाले जिम्मेवारी बढ्नेछ। गुमाएको स्थान प्राप्त गर्न सकिनेछ।
- **कुम्भ** : अगाडि बढ्नाले जिम्मेवारी बढ्नेछ। गुमाएको स्थान प्राप्त गर्न सकिनेछ।
- **मीन** : इष्टमित्रको सहयोग मिल्नेछ। दाम्पत्य जीवन सुमधुर रहनेछ।

# कृषि

## दैनिक दुई सय लिटर दूध बेचेर किसान पुरस्कृत



डुम्रे यहाँको व्यास नगरपालिका-१३ बेलबासका लेखनाथ बाँस्तोला धेरै दूध उत्पादन गरेबापत पुरस्कृत भएका छन् । उनले प्रोत्साहन स्वरुप रु एक लाख ५० हजार पुरस्कार प्राप्त गरेका हुन् । गण्डकी प्रदेशको 'उत्पादनमा आधारित अनुदान कार्यक्रम'अन्तर्गत पुरस्कार प्राप्त गरेपछि उनले गौरवान्वित महसुस गरेको प्रतिक्रिया दिए । पाँच वर्ष अघिदेखि कृषि पेशामा लागेका बाँस्तोलाले यातायात व्यवसाय छाडेर व्यावसायिक रूपमा गाईपालन तथा बाख्रापालन गरेका छन् । उनले कोभिड १९ का बेला लामो समयसम्म बन्दाबन्दी (लकडाउन) भएपछि गाउँ फर्किएर पशुपालन सुरु गरेका थिए । उनका फार्ममा हाल उन्नत प्रजातिका २२ वटा जर्सी तथा होलस्टेन जातका गाई छन् । जसमध्ये १५ लैना गाईबाट दैनिक दुई सय लिटर दूध उत्पादन गरी मासिक रु चार लाखको दूध बिक्री गर्ने गरेको बाँस्तोलाले बताए । गाउँकै बेलबास दुग्ध उत्पादक सहकारीमा दूध बिक्री गरेर खर्च कटाएर मासिक रु दुई लाख बचत हुने गरेको उनले बताए । बाँस्तोलाले भने, "उत्पादनमा आधारित अनुदानअन्तर्गत पुरस्कार पाएपछि पेशाप्रति गौरव महशुस भएको छ ।" यातायात व्यवसायभन्दा गाईपालनबाट सन्तुष्टी मिलेको बाँस्तोलाको भनाइ छ । बेलबास दुग्ध उत्पादक सहकारी संस्थाका अध्यक्ष केशवबहादुर रानाले उनि गाउँमा सबैभन्दा धेरै दूध उत्पादन गर्ने किसान भएको बताए । गाईको साथै बाँस्तोलाले बाख्रापालनबाट पनि आम्दानी गर्दै आएका छन् । उनले ५० वटा बोयर बाख्रा पालेका छन् । गाई र बाख्रा दुवै थप गरेर हालको आम्दानीलाई दोब्बर पार्ने सोच बनाएको बाँस्तोलाले बताए । सरकारलाई अनुदान दिने प्रक्रिया बदल्नु जरुरी रहेको किसान बाँस्तोलाको सुझाव छ । व्यवसाय गरेको कागज बनाउने, अनुदान लिने र अनुदान पाएपछि पेशा छाड्ने गरेकाले अनुदानको दुरुपयोग भएको बाँस्तोलाको गुनासो छ ।

*-रासस*

## दाङमा मकै उत्पादन बढ्यो



दाङ, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना 'मकै सुपर जोन' अन्तर्गत दाङको देउखुरी क्षेत्रमा तीन बाली मकै खेती हुने गरेको छ । बर्सेनि तीन हजार आठ सय हेक्टर क्षेत्रमा हिउँदे, वसन्ते र बर्खे मकै खेती हुने गरेको छ । तीमध्ये वसन्ते मकै खेती गर्ने किसान बढी छन् । परियोजनाका सूचना अधिकारी चन्द्र शोभा कँडेलका अनुसार तीन बाली लगाउँदा ३२ हजार मेट्रिक टन बढी उत्पादन हुने गरेको छ । उनका अनुसार आर्थिक वर्ष २०८० र ८१ मा मात्र ३२ हजार आठ सय ९४ मेट्रिक टन मकै उत्पादन भएको थियो । बर्सेनि उत्पादन बढिरहेको उनको भनाइ छ । आर्थिक वर्ष २०७९ र ८० मा २६ हजार चार सय ५५ मेट्रिक टन मकै उत्पादन भएको थियो ।

देउखुरी क्षेत्रमा रामपुर हाइब्रिड-१० जातको मकै लगाउने गरिएको छ । सूचना अधिकारी कँडेलका अनुसार बर्सेनि उत्पादन क्षेत्रफल पनि बढिरहेको छ । आव २०७९ र ८० मा तीन हजार सात सय हेक्टरमा मकै खेती गरिएकामा आव २०८० र ८१ मा तीन हजार आठ सय हेक्टरमा मकै खेती हुने गरेको हो । यसरी बर्सेनि खेती गर्ने किसानको आकर्षण बढिरहेको उनले बताए । कार्यालयले किसानलाई ५० प्रतिशत अनुदानमा बीउ उपलब्ध गराउने गरेको छ । रामपुर हाइब्रिड(१० सहित अरुण(२ र रामपुर कम्पोजिट जातको मकैको बीउ पनि अनुदानमा दिने गरिएकाले उक्त मकै खेती गर्ने गरिएको छ । यसरी किसानले उत्पादन गरेको मकै पसल तथा दाना उद्योगमा बिक्री हुने गरेको छ भने बीउ कम्पनीले बीउ खरिद गरिदिने भएकाले बजारीकरणका लागि पनि समस्या नरहेको सूचना अधिकारी कँडेलको भनाइ छ । मकै खेतीका लागि विभिन्न प्रविधिको प्रयोग गर्ने गरिएको छ । भौगोलिक बनावटअनुसार रोप्नका लागि सिडड्रिल, ज्याव प्लान्टर तथा केही स्थानमा ट्रयाक्टरले समेत मकै छरेर पछि रोटाभेटर लगाउने गरेका छन् । विगतमा बाँझो राखिएको जग्गामा अहिले मकै खेती गर्ने गरिएको छ । जसले गर्दा किसानलाई आम्दानीको स्रोत बढिरहेको सूचना अधिकारी कँडेलले बताए । दाङको लमही नगरपालिका, गढवा, राप्ती र राजपुर गाउँपालिकामा यसरी मकै खेती हुने गरेको छ । बर्खे मकै वैशाख(जेठमा, हिउँदे मकै भदौ-असोजमा र वसन्ते मकै माघ-फागुनमा लगाउने गरिन्छ । विभिन्न बालीको विशिष्टीकृत क्षेत्र स्थापना गरी उत्पादन, मूल्य शृङ्खला, आधुनिकीकरण र व्यवसायीकरणमा बढावा दिने उद्देश्यले दाङमा आर्थिक वर्ष २०७३ र ७४ देखि मकै सुपर जोन कार्यक्रम सञ्चालनमा आएको हो । सुपर जोन कार्यक्रम सञ्चालन भएपछि देउखुरीमा मकै उत्पादनको व्यावसायिक रूपमा फड्को मार्न थालेको छ । "यस क्षेत्रमा बर्खे मकै खेती बढी हुने र किसानको बुझाई मकै बर्खे सिजनमा मात्र गर्न सकिन्छ भन्ने रहेको थियो", सूचना अधिकारी कँडेलले भने "सर्वप्रथम किसानको यस प्रकारको सोचाइ परिवर्तन गर्न जरुरी थियो । यसका लागि हामीले प्रतिफलमा आधारित प्रोत्साहन अनुदान कार्यक्रममार्फत हिउँदे र वसन्ते खेतीलाई पहिलो प्राथमिकतामा राखेर कार्यक्रम सञ्चालन भएको हो ।" अहिले देउखुरीका किसानमा हिउँदे तथा वसन्ते सिजनमा समेत मकै खेती गर्ने परिपाटीको विकास भएको छ । देउखुरी क्षेत्रका विभिन्न स्थानमा कष्टम हायरिङ सेन्टरहरू स्थापना भई सञ्चालनमा छन् । जसबाट किसानले मकै खेतीका लागि आधुनिक कृषियन्त्र भाडामा लिएर पनि खेती गर्ने गरेका छन् । *-रासस*

## किसान तरकारी खेतीमा आकर्षित



दक्षिणि इलामको चुलाचुली गाउँपालिका भित्रका किसान व्यवसायीक तरकारी खेतीमा आकर्षित भएका छन् । चुलाचुलीमा उत्पादन भएको तरकारी झापाका बजारमा पुऱ्याउन सहजभए सँगै किसान तरकारी खेतीमा आकर्षिक भएका हुन् । झापाका बजारमा ताजा तरकारीको माग बढेसँगै झापासँग जोडिएको इलामको चुलाचुली गाउँपालिका क्षेत्रका कृषकहरु व्यवसायीक तरकारी खेतीमा आकर्षित छन् । झापाको दमक, बिर्तामोड लगायत कृषि बजारहरुमा तरकारीको माग बढेसँगै चुलाचुलीमा खेती बढ्दै गएको हो । बजारको समस्या नहुने र व्यवसायीले घरबाटै तरकारी खरिद गर्ने भएकाले कृषकहरु तरकारी खेतीतर्फ आकर्षित छन् । चुलाचुलीका किसानले मौसमी र बेमौसमी तरकारी खेतीगर्दै आएका छन् । किसानले बन्दाकोपि, काउली, टमाटर, सिबि, आलु खेती गर्दैका आएका हुन् । किसानले बढी मात्रामाटमाटर खेतीगर्दै आएको चुलाचुली ४ कि किसान इन्द्रा बस्नेतले बताईन् । चुलाचुली मदन भण्डारी राजमार्गले जोडिएको छ । जसका कारण उत्पादित तरकारी बजार पुर्याउन सहज हुन्छ । उत्पादन भएको तरकारी घरबाटै व्यापारीले उठाउने भएकाले आम्दानि राम्रो हुने गरेको हो । खाध्य बाली धान मकै भित्र्याए पछि हिउँदमा किसानले व्यवसायीक तरकारी खेतीगर्दै आएका हुन् । आफ्नो जग्गामा प्राय:किसानले तरकारी खेती गरेका छन् । सहजै बजार उपलब्धताले ठुला लगानीका कृषि फार्महरु पनि चुलाचुलीमा स्थापना हुने क्रम बढेको गाउँपालिका अध्यक्ष राजेन्द्र केरुङ्गका किसान तरकारी खेतीमा आकर्षितले बताए । तरकारी बेचेर एक परीवारले मासिक ३० हजारदेखि ५० हजारसम्म आम्दानी गर्दै आएका छन् । भारतबाट नेपाल आयात भएको तरकारी ओईलाएको र विषादिको प्रयोग बढि हुने भएकाले इलाम चुलाचुलीको तरकारीले झापाका बजारमा प्राथमिकता पाएको छ । तरकारी खेतिमा संलग्न किसानलाई चुलाचुली गाउँपालिकाले प्रोत्साहन गर्दै आएको छ । अकबरे खोर्सानीको अचार उत्पादन इलाममा बढ्दै पछिल्लो सयम रूचाइएको खुर्सानीको प्रजातीमध्येको एक अकबरेको व्यवसायीक उत्पादन बढ्दो छ । अकबरे खुर्सानी संकलन गरि अचार बनाउने उद्योग खुलेपछि इलाममा अकबरे खोर्सानीको व्यवसायीकता बढेको हो । '६ अ' को खेती र उत्पादनका लागि अग्रणी जिल्ला इलाममा अहिले अर्को 'अ' थपिएको छ, त्यो हो अकबरे खुर्सानी । इलाममा अकबरे खुर्सानीमा किसानको आकर्षणसँगै उत्पादन पनि बढेको छ । जसबाट उनीहरुले राम्रो आम्दानी गरिरहेका छन् । अहिले खोर्सानी किन्न व्यापारीहरू किसानको बारीसम्मै पुग्न थालेका छन् । व्यापारीहरु नै बारीमा खोर्सानी खरिदका लागि पुग्न थालेपछि खोर्सानीको मूल्य समेत बढेको छ । खोर्सानी संकलन गरि अचार उत्पादन गर्ने उद्यमीको संख्या पनि बढेको छ । इलाम नगरपालिका ७ कि कमला बास्कोटाको उद्योगमा हरेक वर्ष २० हजार किलो अकबरे संकलनबाट अचार उत्पादन हुन्छ । उद्योगले अकबरे खोर्सानी यो वर्ष ३ सय ७५ देखि ४ सय रुपैयाँमा खरिद गर्दै आएको छ । संकलन भएको अकबरे खोर्सनी एक वर्षमा बिक्रि गर्नुपर्ने हुन्छ । उद्यमीले अकबरे ड्रममा पानी र नुनमा भिजाएर राख्ने गर्छन् । अकबरे खोर्सानी नुनमा भिजाएर दाना, पिसेको पेष्ट, अचार, दाना फुटाएर र सुख्खा बनाएर बिक्रि गर्ने गरेको उद्यमी कमला बास्कोटाले बताइन् । इलामका १० स्थानिय तह मध्ये ८ स्थानीय तहका ३ सय परिवार एकल र सामूहिक रुपमा व्यावसायिक अकबरे खोसार्नी खेतीमा संलग्न छन् । थोरै लगानी, धेरै आम्दानी र सहज बजारका कारण पनि किसान खोर्सानीमा आकर्षित भएका छन् । अकबरे खुसार्नी अति पीरो र सुगन्धका कारण पनि धेरै नै रुचाइन्छ । इलममा १ सय ७० हेक्टरमा ७ सय १४ मेट्रिक टन अकबरे खोर्सनी उत्पादन हुने गरेको छ ।

*-इहिमालय टाइम्स डटकम*

## डिभिजन वन कार्यालयमा ४० हजार बिरुवा उत्पादन

डिभिजन वन कार्यालय तनहुँले ४० हजार बिरुवा उत्पादन गरी वितरणको तयारी गरेको छ । कार्यालयको हाताभित्र रहेको नर्सरीमा विभिन्न प्रजातिका ४० हजार बिरुवा उत्पादनको तयारी गरिएको कार्यालयले जनाएको छ । कार्यालयका सहायक वन अधिकृत नवीन विकले पाँच हजार जडीबुटीका बिरुवा, पाँच हजार बहुवर्षीयअन्तर्गत विरुवा र ३० हजार अन्य बिरुवा उत्पादन भइरहेको जानकारी दिए । उनका अनुसार जडीबुटीअन्तर्गत टिमुर, सिप्लीगान, दालचिनीलगायतका बिरुवा उत्पादन भइरहेको छ । कार्यालयले यहाँ उत्पादित बिरुवा सर्वसाधारण एवं समूहलाई नि:शुल्क वितरण गर्ने गर्दछ । गत आर्थिक वर्षमा कार्यालयले ८२ हजार बिरुवा वितरण गरेको थियो । जिल्लाका विभिन्न स्थानबाट बिरुवा लिनका लागि कृषकहरु कार्यालयमा आउने गरेका छन् । कार्यालयमा अन्यभन्दा डालेघाँसको माग बढी रहेको छ । पशुपालनमा सक्रिय कृषकहरु डालेघाँसका लागि विरुवा लिन आउने गरेको विकको भनाइ छ । कार्यालयबाट तेजपात, बेल, टिमुर, अशोका, कमपुर, म्याङ्गो स्टिक, अम्बा, सिप्लीगान, राजवृक्ष, पारिजात, शितलचिनी, बडहर, इपिल इपिल, लप्सी, अमला, चाँप, निमारो, कटहरे, जामुन, कल्की, हर्रो, बर्रो, सिरिष प्रजातिका बिरुवा वितरण गरिनेछ । विकले भने, "बिरुवा लगेर मात्र हुँदैन, त्यसलाई संरक्षण गरेर हुर्काउनुपर्छ, बिरुवा लैजानेलाई पनि यस बारेमा सचेत गराउँछौँ ।" कार्यालयले जिल्लाका विभिन्न सामुदायिक तथा निजी वनमा वृक्षरोपणका लागि समेत बिरुवा वितरण गर्ने गरेको छ । जिल्लालाई हरियाली बनाउन र वन हराभरा बनाउन बिरुवा वितरणलाई अभियानकै रुपमा अगाडि बढाइएको डिभिजन वन कार्यालयका प्रमुख शरद् अधिकारीले जानकारी दिए । जिल्लाका कूल क्षेत्रफलमध्ये करिब ७२ हजार ८० हेक्टर वनले ओगेटेको छ । जिल्लाभर ६१६ वटा सामुदायिक वन र ४८५ वटा कबुलियती वन रहेको छ । *-रातोपाटी डटकम*


### डढेलोबाट बचौं र बचाऔं

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानी पूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

अनुरोधक
डिभिजन वन कार्यालय
तानसेन, पाल्पा

### गुल्मी दरबार गाउँपालिकाको अनुरोध

- आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौं ।
- आफ्नो घर-आँगन वरपर सधैं सफा र स्वच्छ राखौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं
- कुनै सामान वा वस्तु खरिद (किन्दा) लेवल हेरेर म्याद रहे-नरहेको एकिन गरेर मात्र खरिद गर्ने बानी बसालौं ।
- म्याद गुज्रेका (Date Expiry) सडेगलेका सामाग्रीले हाम्रो स्वास्थ्यमा प्रत्यक्ष असर पर्ने भएको हुँदा त्यस्ता सामाग्रीको बिक्री वितरण नगरौं ।

भेषराज घिमिरे, प्रमुख प्रशासकीय अधिकृत
तारा थापा ढेंगा, उपाध्यक्ष
सरोजकुमार थापा, अध्यक्ष

गुल्मी दरबार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जैंडाकोट, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

### तानसेन नगरपालिकाको अनुरोध

- खानेपानीका मुल मुहानहरुका संरक्षण गरौं ।
- वन जंगलमा आगलागी हुन नदिन सावधानी अपनाऔं ।
- श्रम र श्रमजीवीहरुको सम्मान गरौं ।
- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।
- अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- आफ्नो घर-आँगन वरपर सधैं सफा र स्वच्छ राखौं ।

पिताम्बर पाण्डे, प्रमुख प्रशासकीय अधिकृत
प्रतिक्षा सिंजाली, उप-प्रमुख
सन्तोष लाल श्रेष्ठ, नगर प्रमुख

तानसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

